NIC ASIA CAPITAL

idea to IPO
Connecting the dots...

प्रेस विज्ञप्ति
फाल्गुण ०४, २०८२

**होटल फरेष्ट इन लिमिटेडको सर्वसाधारणलाई निष्काशन गरिएको प्राथमिक शेयर बाँडफाँड सम्पन्न ।**

एन आई सी एशिया क्यापिटल लिमिटेडको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा होटल फरेष्ट इन लिमिटेडको जारी पूँजी रु.२,००,००,००,०००/- को २०% अर्थात् रु.४०,००,००,०००/- रकम बराबरको रु.१०० अंकित दरको ४०,००,००० कित्ता साधारण शेयर सर्वसाधारणहरुको लागि निष्काशन गरिएको शेयर मध्ये ४,००,००० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुलाई तथा सामूहिक लगानी कोषहरुलाई छुट्याइएको २,००,००० कित्ता शेयर र कर्मचारीहरुलाई सुरक्षित गरिएको ८०,००० कित्ता शेयर समेत बाँडफाँड पश्चात् बाँकी रु.३३,२०,००,०००/- रकम बराबरको रु.१०० अंकित दरका ३३,२०,००० कित्ता साधारण शेयरहरु मिति २०८२/१०/२२ गतेदेखि छिटोमा मिति २०८२/१०/२६ गते र ढिलोमा मिति २०८२/११/०८ गतेसम्म निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा माग गरेको शेयर भन्दा बढी शेयर खरिदको लागि मिति २०८२/१०/२६ गते सम्ममा नै आवेदन प्राप्त भएको हुँदा उक्त शेयरको निष्काशन तथा बिक्री बन्द मिति २०८२/१०/२६ गतेमा गरिएको थियो । उक्त साधारण शेयर निष्काशनमा नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त सम्पुर्ण सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु मार्फत निम्न बमोजिम आवेदन प्राप्त भएको र उक्त आवेदनहरुको आवश्यक प्रशोधन पश्चात् मिति २०८२/१०/२८ गते पुर्व शेयर बाँडफाँड तालिका तयार गरी नेपाल धितोपत्र बोर्ड तथा निष्काशनकर्ता कम्पनीको संचालक समितिमा जानकारीको लागि पेश गरी उक्त शेयरको अन्तिम बाँडफाँड देहाय बमोजिम गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

निष्काशनको समयमा सि–आश्वा सदस्य बैक तथा वित्तीय संस्थाहरुबाट जम्मा २६,६०,४५२ जना आवेदकहरुबाट जम्मा २,९९,७८,८६० कित्ता शेयर खरिदको लागि आवेदन प्राप्त भएकोमा सो मध्ये सम्बन्धित सि–आश्वा सदस्य बैक तथा वित्तीय संस्थाहरुले विभिन्न कारणबाट जम्मा २,५५,९७५ जना आवेदकहरुबाट जम्मा ३८,२१,५०० कित्ता शेयर खरिदको लागि प्राप्त आवेदनहरु रद्द गरे पश्चात् जम्मा २४,०४,४७७ जना आवेदकहरुबाट जम्मा २,६१,५७,३६० कित्ता शेयर खरिदको लागि अन्तिम आवेदन प्राप्त भएको थियो । साथै, निष्काशन तथा बिक्री प्रबन्धकबाट आवेदन रुजु गर्दा ३,२९३ जना आवेदकबाट ३६,२५० कित्ता शेयर खरिदको लागि दोहोरो आवेदन प्राप्त भएकोले निष्काशन तथा बिक्री प्रबन्धकले रद्ध गरेको, २९,३६० जना आवेदकहरुबाट प्राप्त ३,६६,६२० कित्ता शेयर बैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई निष्काशन गरिएको समयमा शेयर आवेदन गरेका तथा ५०९ जना हाल कायम संस्थापक शेयरधनीहरुबाट ८,७९० कित्ता शेयर खरिदका लागि प्राप्त आवेदनहरु समेत गरी जम्मा ३३,१६२ जना आवेदकहरुबाट प्राप्त ४,११,६६० कित्ता शेयर खरिदको लागि प्राप्त आवेदनहरु रितपूर्वक नदेखिएको हुँदा उक्त आवेदनहरुलाई रद्द गरी बाँकी हुन आएका जम्मा २३,७१,३१५ जना आवेदकहरुबाट प्राप्त जम्मा २,५७,४५,७०० कित्ता शेयर खरिदको लागि प्राप्त आवेकहरुलाई गोलाप्रथाको माध्यमबाट १० कित्ता देखि १०,००० कित्ता शेयर खरिद आवेदन गर्ने ३,३२,००० जना सफल आवेदनकर्ता छनौट गरी १० कित्ता शेयरको दरले जम्मा ३३,२०,००० कित्ता शेयर निष्काशन तथा बिक्री प्रबन्धक, निष्काशनकर्ता कम्पनी, नियमनकारी निकायका प्रतिनिधीहरु र प्रोफेशनल कम्प्युटर सिस्टम प्रा.लि. का प्रतिनिधि लगायत सर्वसाधारण लगानीकर्ताहरुको उपस्थितिमा बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

साथै बाँडफाँडको नतिजा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाईट www.nicasiacapital.com वा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट संचालित वेवसाईट www.iporesult.cdsc.com.np/meroshare.cdsc.com.np बाट हेर्न सकिने छ ।

Ramendra

............................
रामेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

NIC ASIA CAPITAL

१ नेपाली
एक DEMAT खाता

मेरो लगानी,
मेरो भविष्य